# भुकम्प प्रभावित सम्पदा पुनर्निर्माणको लागि काठ आपूर्ति सम्बन्धी मापदण्ड, २०७५

द टिम्बर कर्पोरेशन अफ नेपाल लि.

बबरमहल, काठमाडौं

## द. टिम्बर कर्पोरेशन अफ नेपाल लि.

## भुकम्प प्रभावित सम्पदा पुनर्निर्माणको लागि काठ आपूर्ति सम्बन्धी मापदण्ड, २०७५

### १. पृष्ठभूमि

२०११ सालको राप्ती दुनको भिषण बाढीले विस्थापितहरुलाई व्यवस्थित रुपमा बसोवास गराउनका लागि स:मील परियोजनाको रुपमा स्थापना भई २०१७ सालमा तत्कालिन कम्पनी ऐन अर्न्तगत सरकारको पूर्ण स्वामित्वमा स्थापित द टिम्बर कर्पोरेशन अफ नेपाल लि.(टि.सी.एन) को मूख्य उद्देश्य काठ दाउरा संकलन तथा सहज र सरल आपूर्ति गर्ने रहेको छ । नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७२ फागुन २२ मा स्वीकृत **भुकम्प पिडितको लागि काठ संकलन, उत्पादन र बिक्री वितरण निर्देशिका २०७२** तथा नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७३।५।२६ को निर्णय अनुसार सम्पदा पुनर्निर्माणको लागि आबश्यक काठ पुरातत्व बिभागको सिफारिसमा द टिम्बर कर्पोरेशन अफ नेपाल लि. ले आपूर्ति गर्ने व्यबस्था रहेको छ। उपरोक्त व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि यो मापदण्ड तयार गरिएको छ।

### २. मापदण्डको उद्देश्य

नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७२ माघ २१ मा स्वीकृत **भुकम्प पिडितको लागि काठ उत्पादन, आपुर्ति र व्यवस्थापन निर्देशिका, २०७२** को बुदाँ ८ (१) मा कुनै धार्मिक सास्कृतिक, वा पुरातात्विक सम्पदा पुनर्निर्माणका लागि आवश्यक पर्ने काठ उपलब्ध गराउने जिम्मेवारी यस संस्थालाई तोकिएको र निर्देशिकाको बुदाँ १२ (१) मा टि. सि. एन. संचालक समितिले काठको राजश्व रकम, कटान मुछान, ढुवानी, चिरानी, सेवा शुल्क, मु अ. क आदि खर्चहरुलाई आधार मानी डिपो रहने स्थान अनुसार र प्रजाति अनुसार अलग अलग काठको मूल्य निर्धारण गर्नु पर्ने र त्यसरी मूल्य निर्धारण गरिएको जानकारी मन्त्रालयलाई तुरुन्त दिनु पर्ने व्यवस्था रहेको छ । नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७३।०३।२१ को निर्णय अनुसार निर्देशिकाको बुदाँ नं. १२ मा भएको मूल्य निर्धारण सम्बन्धि व्यवस्थामा टि.सि. एन. लाई मात्र लागु हुने गरी संशोधन भएको देखिन्छ । पुरातात्विक संरचनाहरु पुनर्निर्माण गर्ने सम्बन्धमा उपरोक्त निर्देशिका तथा नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७३।५।२६ मा सम्पदाहरुको पूनर्निर्माणका लागि चिरान काठ आपूर्ति गर्ने सम्बन्धमा भएको निर्णयलाई पारदर्शिता र प्रणालीवद्ध रुपमा कार्यान्वयन गर्नु यस कार्यबिधिको उद्देश्य रहेको छ।

### ३. सम्पदाहरुको पूननिर्माणका लागि काठको माग

भूकम्प पश्चातको पुनर्निर्माण कार्यलाई सहजिकरण गर्ने सर्न्दभमा नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७३।०६।२० निर्णय अनुसार सुझाव पेस गर्न गठीत कार्यदलले पेस गरेको प्रतिवेदन अनुसार सरकारी भवन, विद्यालय, स्वास्थ्य संस्था, नेपाली सेना, पुरात्वातिक संरचना निर्माणको लागि करिव २४ लाख क्युविक फिट आवश्यक पर्ने अनुमान गरिएको छ'। नेपाल सरकार (मन्त्रीपरिषद) बाट मिति २०७३।५।२६ मो पुरात्वातिक सम्पदा पूनर्निर्माणको लागि आवश्यक पर्ने करिव ८ लाख क्यू.फिट काठ पुरातत्व विभागको सिफारिसमा टि.सि.एन.बाट आपूर्ति गर्ने निर्णय गरेको छ । सम्पदाहरुको पूनर्निर्माण कार्य सम्पदा संग सम्बन्धीत वा संस्था समिति आफैले वा ठेकेदार मार्फत हुने गरेको बुझिएको छ। कर्पोरशनमा हाल सम्म सम्पदाहरुको पूनर्निर्माणका

लागि काठको मागको निबेदन अनुसार पनि यी दुई पक्षबाट काठ माग हुने गरेको पाइएको छ । ठेकेदारबाट निर्माण हुने सम्पदाको सम्बन्धमा बोलपत्र तथा सो बमोजिम हुने सम्झौतामा नै काठको परिमाण तथा लागत अनुमान उल्लेख हुने बुझिएको छ ।

**४. भुकम्पबाट प्रभाबित नीजि घर पूनर्निर्माणको लागि चिरान काठ बिक्रि बितरण प्रक्रिया**

भुकम्प पिडितको लागि काठ उत्पादन, आपुर्ति र व्यवस्थापन निर्देशिका २०७२ को दफा ११ (१) मा भूकम्प प्रभावित जिल्लाहरुमा काठ सहज रुपमा उपलब्ध गराई बिक्री बितरण प्रकृयालाई सहजीकरण तथा व्यवस्थापन गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा काठ व्यवस्थापन समिति रहने ब्यबस्था छ । यस समिति सँग समन्वय गरी टि.सि.एन. ले २०७४ जेठ अन्तिम बाट काठमाडौं उपत्याकाका तीन जिल्लाहरुमा भुकम्पबाट प्रभाबित निंजी घर निर्माणको लागि निम्न बमोजिमको प्रमाण पेश गरेका भूकम्प प्रभावित सेवाग्राहीलाई चिरान काठ आपूर्ति गर्दै आएको छ ।

- नेपाली नागरिकता
- घर बनाउने स्थानको लालपुर्जा
- सम्बन्धित निकायबाट प्राप्त भुकम्प पिडित परिचयपत्र र सम्झौता
- सम्बन्धित निकायबाट घर निंर्माणको स्वीकृत नक्शा
- घर निर्माणको लागि इजाजत पत्र

निर्देशिका अनुसार एक घरले बढिमा ७५ क्यू.फिट गोलिया काठ वा ५० क्यू.फिट चिरान काठ पाउने ब्यबस्था भएकोमा २०७५ असार मसान्त सम्म एक किस्तामा नै ५० क्यू.फिट चिरान काठ सेवाग्राहीलाई कर्पोरेशनले बिक्रि गर्ने गरिएकोमा मागको चाप र आपूर्तिको परिमाणलाई बिश्लेषण गरी २०७५ साउनबाट एक किस्तामा २५ क्यू.फिटका दरले दुई किस्तामा ५० क्यू.फिट दिने ब्यबस्था मिलाइएको छ ।

**५.सम्पदा पूनर्निर्माणका लागि चिरान काठ बिक्रि बितरण प्रक्रिया**

पुनर्निर्माण गर्नुपर्ने सम्पदासंग सम्बन्धित संस्था वा समितिले सम्पदा पुनर्निर्माणका लागि सम्बन्धित निकायबाट निर्माण इजाजत प्राप्त भए पश्चात सो को लागि आवश्यक पर्ने चिरान काठको बिस्तृत निर्माण डिजाइन प्रमाणित नक्साको आधारमा अनुमानित परिमाण तयार गर्ने र आवश्यक काठको कार्ययोजना बमोजिम चिरान काठको लागि पुरातत्व बिभाग मार्फत टि.सि.एन. मा माग गर्ने सम्बन्धमा सम्बन्धित सम्पदा समितिबाट निर्णय हुनुपर्नेछ ।

सम्पदा संग सम्बन्धीत समिति आफैले पुनर्निर्माण गर्ने सम्पदाको लागि चिरान काठ माग गर्दा पेश गर्नुपर्ने प्रमाणहरु निम्न बमोजिम छन ।

- सम्पदा संग सम्बन्धीत संस्था वा समितिको काठ माग सम्बन्धि निबेदन
- संस्था वा समितिको निर्णयको माइन्युटको प्रतिलिपि
- पुरातत्व विभागको सिफारिस

- स्वीकृत डिजाइन/नक्साको प्रमाणित प्रतिलिपी
- स्वीकृत डिजाइन बमोजिम आवश्यक पर्ने काठको परिमाण (नापसाइज सहित) र आवश्यक काठको त्रैमासिक योजना ।
- सम्बन्धित निकायबाट प्रदान गरिएको निर्माण इजाजत पत्रको प्रमाणित प्रतिलिपी
- जग्गा धनी पुर्जा भएमा जग्गाधनी पुर्जा वा जग्गाको स्वामित्व वा जग्गा उपयोगको अधिकार सम्बन्धि प्रमाण ।

ठेकेदार मार्फत पूनर्निर्माण गरिने सम्पदाको लागि ठेकेदारबाट चिरान काठ माग गर्दा पेश गर्नुपर्ने प्रमाणहरु निम्न बमोजिम छन ।

- काठ माग सम्बन्धि निबेदन
- सम्बन्धित सम्पदा संग सम्बन्धीत संस्था वा समितिको सिफारिस
- पुरातत्व विभागको सिफारिस
- सम्बन्धित निकायबाट स्वीकृत बिस्तृत नक्शा तथा निर्माण इजाजतपत्रको प्रतिलिपि
- ठेक्का सम्झौतापत्रको प्रतिलिपी (काठसंग सम्बन्धित खण्ड)
- ठेकेदार कम्पनीको दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- ठेकेदार कम्पनीको भ्याट वा प्यान दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- आवश्यक चिरान काठको बिस्तृत अनुमान परिमाण तथा आवश्यक काठको त्रैमासिक कार्ययोजना ।
- सम्पदाले काठ प्राप्त गरे पछि सम्पदा संग सम्बन्धीत समिति वा संस्थाबाट काठ प्राप्तीको लिखित जानकारी १५ दिन भित्र कर्पोरेशनमा प्राप्त हुनुपर्ने ।

### ६. चिरान काठ उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था

- काठको मागको परिमाण, चिरान काठको साइज, ढुवानीको अबस्था आदि जस्ता ब्यबहारिक पक्षलाई बिचार गरी कर्पोरेशनले काठमाण्डौ स्थित बिक्री डिपोहरु वा शाखा कार्यालयहरुबाट नियमानुसारको प्रचलित मूल्य अग्रिम रुपमा लिई चिरान काठ उपलब्ध गराउने छ ।
- चिरान काठको मागको कार्ययोजना सहित सम्बन्धित पक्षसंग आवश्यकता अनुसार लिखित समझदारी गरी काठको उपलब्धता र सम्पदालाई काठको आवश्यकताको आधारमा महाप्रवन्धकले चिरान काठ उपलब्ध गराउन सक्नेछन ।
- काठ उपलब्ध गराउँदा सम्पदाहरुबाट भएको मागको क्रमको आधारमा क्रमैसँग उपलब्ध गराइनेछ ।
- काठ उपलब्ध गराउने डिपो वा शाखा कार्यालयले आफूले उपलब्ध गराइएको काठ प्राप्त गर्ने समिति वा संस्था वा ठेकेदार कम्पनीको नाम, काठको परिमाण र मूल्य समेत खुलाई निस्सा समेत दिनु पर्नेछ र सो बिवरण नियमित रुपमा तयार गरी राख्नु पर्नेछ ।

**७. अभिलेख तथा अनुगमन**

१. सम्पदा पूनर्निर्माणका लागि माग भएको तथा उपलब्ध गराएको चिरान काठको अभिलेख तोकिएको ढांचामा केन्द्रिय कार्यलय, शाखा कार्यालय तथा डिपोहरुले अद्यावधिक गरी राख्नेछन ।

२. भुकम्प प्रभावित सम्पदालाई काठ उपलब्ध गराएको विवरण शाखा कार्यालयहरु तथा डिपोहरुले मासिक रुपमा केन्द्रिय कार्यालयमा पेश गर्नेछन ।

३. बिक्री डिपोहरु वा शाखा कार्यालयहरुबाट सम्पदा पूनर्निर्माणको लागि काठ उपलब्ध गराएको परिमाण र दिन बाँकी भए सो समेतको जानकारी बढीमा ७ दिन भित्र कर्पोरेशनको केन्द्रिय कार्यालयमा पेश गर्नेछन ।

४. पुरातात्विक सम्पदालाई आपूर्ति गरेको काठको विवरण कर्पोरेशनले वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, पुरातत्व विभाग तथा कर्पोरेशन संचालक समितिलाई चौमासिक रुपमा पेश गर्नेछ ।

५. कर्पोरेशनले तोकेको अनुगमन अधिकृतले सम्बन्धित निकाय संग समन्वय गरी कर्पोरेशनले उपलब्ध गराएको काठको सदुपयोग सम्बन्धमा निरन्तर रुपमा अनुगमन गर्ने गराउने व्यवस्था मिलाई नियमित रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नेछ ।

६. कर्पोरेशनको संचालक समितिबाट गठित अनुगमन समितिले चौमासिक रुपमा कर्पोरेशनले उपलब्ध गराएको काठको सदुपयोग सम्बन्धमा अनुगमन गर्नेछ ।